# उच्च अदालत पाटन

वर्ष १ अङ्क ६ इ-बुलेटिन मंसिर २०८१


## मानननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौलाको विदाई






न्याय परिषदको मिति २०८१।६।११ को सिफारिस एवम् संसदीय सुनुवाइ समितिको मिति २०८१।७।२३ को अनुमोदन बमोजिम सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलबाट मिति २०८१।७।२५ गते उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री निरौलालाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गरिएको छ। उहाँलाई सो पदमा नियुक्तिका लागि न्याय परिषदले मिति २०८१।६।११ मा सिफारिस गरेको थियो भने सो सिफारिसलाई संसदीय सुनुवाइ समितिले मिति २०८१।७।२३ मा अनुमोदन गरेको थियो। उच्च अदालतका मुख्य न्यायाधीशहरु मध्ये बरियतामा पहिलो स्थानमा रहनु भएका मुख्य न्यायाधीश श्री निरौला वि.सं २०५२ सालमा न्याय सेवाको शाखा अधिकृत पदबाट सरकारी सेवामा प्रवेश गरी वि.सं. ०६० सालमा उपरजिष्ट्रार, वि.सं. २०६५ सालमा सहरजिस्ट्रार, वि.सं. २०७३ सालमा सर्वोच्च अदालतको रजिष्ट्रार, वि.सं. २०७५ सालमा मुख्य रजिष्ट्रार हुँदै मिति २०७७।१०।११ मा उच्च अदालतको मुख्य न्यायाधीश पदमा नियुक्ति हुनुभएको थियो। उच्च अदालत दिपायल र उच्च अदालत पाटनको मुख्य न्यायाधीशको रुपमा उहाँले करिव चार वर्ष काम गर्नु भएको थियो। सर्वोच्च अदालतको माननीय न्यायाधीशको पदमा नियुक्ति भएपश्चात मिति २०८१।७।२८ गते उच्च अदालत पाटनमा उहाँको सम्मान तथा विदाई कार्यक्रम आयोजना गरिएको

थियो। सो कार्यक्रममा सर्वोच्च अदालतका नवनियुक्त माननीय न्यायाधीश श्री निरौलाले यस अदालतमा रहँदाको अनुभवका र उहाँको कार्यकालमा थालनी भएका कामको बारेमा जानकारी गराउनु भएको थियो। सो अवसरमा उच्च अदालत पाटनका रजिष्ट्रार श्री श्रीलाल पौडेलले श्री निरौलाको न्याय सेवामा रही गर्नु भएका कामको बारेमा संक्षेपमा प्रकाश पार्नु भएको थियो। यस अदालतका माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरसमेतले मुख्य न्यायाधीश श्री निरौलाले न्यायसम्पादनमा गर्नु भएको योगदानको उच्च प्रशंसा गर्दै माला, खादा, दोसल्लासहित मायाको चिनो प्रदान गरी विदाइ गर्नुभएको थियो। सो कार्यक्रममा यस अदालतका माननीय न्यायाधीशहरु, कर्मचारीहरुसमेतको उपस्थिति रहेको थियो।

## इजलास अधिकृत तथा सुपरिवेक्षकसँग छलफल/अन्तरक्रिया कार्यक्रम



मिति २०८१।७।८ गते इजलास अधिकृतहरुसँग तथा मिति २०८१।७।२९ गते मुद्दा फाँटसमेतका सुपरिवेक्षकहरुसँग यस अदालतका रजिष्ट्रार श्री श्रीलाल पौडेलको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। सो क्रममा इजलास व्यवस्थापन, फैसला लेखन, इजलासमा पेश हुने मुद्दाहरुको संख्या, मुद्दाको अंग पुऱ्याउने कार्यमा फाँटको भूमिका तथा अदालतका अन्य कामकारवाहीलाई थप व्यवस्थित गर्न आगामी दिनमा चाल्नुपर्ने कदमसमेतको बारेमा इजलास अधिकृतहरु तथा सुपरिवेक्षकहरुबाट सुझाब लिइएको थियो। उपस्थित अधिकृतहरुले आफ्नो इजलास तथा फाँटसमेतमा भएका समस्याहरुको उठान गर्नुभएको थियो। सो क्रममा उठेका जिज्ञासाहरुको उत्तर दिने क्रममा रजिष्ट्रार श्री पौडेलले सहभागीहरुले उठाउनु भएका समस्या समाधान गर्न आफू प्रयासरत रहिरहेको तथा आगामी दिनमासमेत रहने प्रतिवद्धता जनाउनुभएको थियो। उक्त कार्यक्रममा रजिष्टार पौडेलले सम्पूर्ण अधिकृतहरुले आफ्नो कामप्रति इमान्दार भएर लाग्नुपर्ने, समयपालन, नियमितता, इमान्दारिता जस्ता विषयलाई मूलमन्त्र बनाई आफ्नो जिम्मेवारी पूरा गर्न निर्देशन दिँदै आगामी दिनमा समेत यस्ता छलफल कार्यक्रमलाई निरन्तरता दिने जानकारी गराउनु भएको थियो।



## मासिक समीक्षा कार्यक्रम सम्पन्न

उच्च अदालत पाटनको वार्षिक कार्ययोजना २०८१/०८२ ले असोज महिनाको लागि निर्धारण गरेका लक्ष्य एवम् प्रगतिका सम्वन्धमा मिति २०८१।७।२ गते यस अदालतमा आन्तरिक समीक्षा कार्यक्रम सम्पन्न भयो। वार्षिक कार्ययोजनाले असोज महिनामा कुल ५१३ थान मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा लक्ष्यभन्दा १४ थान बढी फैसला भई कुल ५२७ थान मुद्दा फछ्र्यौट भएको थियो। उक्त समीक्षा कार्यक्रममा असोज महिनामा सवैभन्दा बढी ७७ थान मुद्दा फैसला गर्नुहुने माननीय न्यायाधीश श्री श्यामकुमार भट्टराईलाई बरिष्ठतम् माननीय न्यायाधीश श्री लालबहादुर कुँवरले सम्मानसमेत गर्नु भएको थियो।

## माननीय न्यायाधीश श्री पुरुषोत्तमप्रसाद ढकालको विदाई



उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री पुरुषोत्तमप्रसाद ढकाल मिति २०८१।७।११ गतेदेखि सेवा निबृत्त हुनुभयो। वि.सं २०१८।७।११ मा काठमाण्डौमा जन्मनु भएका माननीय न्यायाधीश ढकाल वि.सं २०३८ सालमा सरकारी सेवामा प्रवेश गरी मिति २०६३।३।२७ मा जिल्ला न्यायाधीशमा नियुक्ति हुनुभएको थियो। लामो समयसम्म जिल्ला न्यायाधीशको भूमिकामा रही न्यायसम्पादन गर्नु भएका न्यायाधीश ढकाल मिति २०७७।११।२ देखि उच्च अदालतको माननीय न्यायाधीश पदमा नियुक्ति हुनु भएको र मिति २०८०।६।१५ देखि यस अदालतमा कार्यरत रहनु भएको थियो। मिति २०८१।७।९ गते यस अदालतमा आयोजित विदाई समारोहमा माननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौलासमेतले उहाँलाई माला, खादा एवम् मायाको चिनोसहित दोसल्ला ओडाएर सम्मानसहितको विदाई गर्नु भएको थियो। सो विदाई समारोहमा सेवा निबृत्त न्यायाधीश श्री ढकालले आफ्नो न्यायिक अनुभवका बारेमा जानकारी गराउनु भएको थियो। सो कार्यक्रममा अन्य न्यायधीशहरु, रजिष्ट्रार एवम् कर्मचारीहरुसमेतको सहभागिता रहेको थियो।



## उपत्यकाका माननीय न्यायाधीश तथा श्रेस्तेदारसँग अन्तक्रिया कार्यक्रम



मिति २०८१।७।३० गते उच्च अदालत पाटन तथा मातहतका उपत्यकामा तीनै वटा जिल्ला अदालतहरुबीच न्याय सम्पादनको विषयमा केन्द्रीत भई अन्तक्रिया कार्यक्रम सम्पन्न गरियो। माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा यस अदालतका माननीय न्यायाधीशहरु श्री लेखनाथ पौडेल, श्री श्यामकुमार भट्टराई, श्री सूर्यप्रसाद पराजुली, रजिष्ट्रार श्री श्रीलाल पौडेल, काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला अदालतमा प्रमुख भई काम गर्ने माननीय न्यायाधीशहरु, तीनै जिल्लाका श्रेष्तेदारहरु तथा यस अदालतका उपरजिष्ट्रार एवम् सुपरिवेक्षकको उपस्थिति रहेको थियो। सो कार्यक्रममा न्यायिक कामकारवाहीमा देखिएका समस्याहरुको तत्काल निराकरण गरी न्याय सम्पादनलाई थप प्रभावकारी वनाउने सम्वन्धमा छलफल भएको थियो। विशेष गरी पुनरावेदन परेका मुद्दाको शुरु मिसिल उपलव्ध गराउनका लागि जिल्ला अदालतबाट प्राथमिकतापूर्वक कार्य सम्पादन गर्नु पर्ने अवस्था रहेको विषयमा सो छलफल केन्द्रित रहेको थियो। उक्त कार्यक्रममा उच्च अदालत पाटनका रजिष्ट्रार श्री श्रीलाल पौडेलले जिल्ला अदालतबाट मिसिल प्राप्तिको अवस्था समेतका तथ्यसहितको बस्तुस्थितिका बारेमा प्रकाश पार्दै छलफलका विषयहरु प्रस्तुत गर्नु भएको थियो। सहभागी माननीय न्यायाधीश तथा स्रेस्तेदारहरुले आफू कार्यरत रहेको अदालतका समस्याका बारेमा जानकारी गराउनु भएको थियो। कार्यबोझको तुलनामा कर्मचारीको संख्या अपुग भएको र मिसिलको व्यवस्थापनका लागि स्थानसमेतको अभाव हुन लागेको बारेमा विशेष छलफल भएको थियो। माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले छलफलमा उठेका विषयलाई सबैको साझा प्रयासबाट सम्बोधन गर्न सकिने हुँदा सबै तहबाट सो दिशामा विशेष क्रियाशील हुनु पर्ने आवश्यकता औंल्याउनु भएको थियो। सो क्रममा उहाँले उच्च अदालतको तर्फबाट अवश्यक समन्वय र सहजीकरण गरिने जानकारीसहित कार्यक्रममा उठेका विषयवस्तुका बारेमा सम्बोधन गर्नु भएको थियो।

## उच्च अदालत पाटन, हैटैडा इजलासमा अन्तरक्रिया/छलफल कार्यक्रम सम्पन्न

मिति २०८१।७।३० गते उच्च अदालत पाटन, हेटैडा इजलास तथा मातहतका चितवन र मकवानपुर जिल्ला अदालतहरुबीच फैसला कार्यान्वयनमा आइपर्ने समस्या तथा समाधानका उपायहरुको सम्बन्धमा अन्तक्रिया कार्यक्रम सम्पन्न भएको थियो। उच्च अदालत पाटन, हैटैडा इजलासमा मुख्य भई काम गर्नु हुने माननीय न्यायाधीश श्री यमुना भट्टराईको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा सो अदालतका न्यायाधीशहरु श्री शकुन्तला घिमिरे, श्री निर्मला पौडेल भट्टराई, रजिष्ट्रार तथा चितवन र मकवानपुर जिल्ला अदालतका माननीय न्यायाधीशहरु, श्रेष्तेदारहरु तथा तहसिलदारहरुसमेतको उपस्थिति रहेको




थियो। सो कार्यक्रममा फैसला कार्यान्वयनसँग सम्बन्धित चलन चलाउने, म्याद तामेल गराउने, कसूरजन्य सम्पत्ति व्यवस्थापन गर्नेसमेतका विषयमा आइपर्ने समस्या तथा त्यस्ता समस्या समाधान गर्नका लागि आवश्यक पर्ने उपायको वारेमा छलफल भएको थियो। कार्यक्रममा माननीय जिल्ला न्यायाधीश तथा कर्मचारीहरुले उठाउनु भएका विषयवस्तुका बारेमा केन्द्रित भई मुख्य भई काम गर्नु हुने माननीय न्यायाधीश भट्टराईले सम्बोधन गर्नु भएको थियो।

## यस अदालतबाट अन्यत्र सरुवा भई गएका कर्मचारीहरुको विदाई



सर्वोच्च अदालतको मिति २०८१।६।११ को निर्णय अनुसार यस अदालतबाट सर्वोच्च अदालतमा सरुवा भई जानु हुने नायब सुव्वा श्री कमल चालिसे, काठमाण्डौ जिल्ला अदालतमा जानु हुने

नायव सुब्बाद्वय श्री गणेश भट्टराई र श्री राजेन्द्रप्रसाद न्यौपाने तथा फैसला कार्यान्वयन निर्देशनालमा जानु हुने श्री पार्वताकुमारी धमलालाई मिति २०८१।७।३० मा  विदाई गरिएको थियो। उपरजिष्ट्रारद्धय श्री लेखनाथ पौडेल र सुरेश के.सी. को उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा उपरजिष्ट्रार श्री लेखनाथ पौडेलले विदाइ हुनु हुने सम्पूर्ण कर्मचारीहरुलाई यस अदालतमा रहदा न्यायसम्पादनको क्रममा गरेका कार्यप्रति हार्दिक धन्यवाद दिदै आगामी कार्यकाल सफलताको शुभकामनासहित खादा र टिका लगाई विदाई गर्नु भएको थियो।

## मानननीय न्यायाधीश न्यौपानेलाई स्वागत



उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट यस अदालतमा सरुवा भई आउनु भएका माननीय न्यायाधीश श्री कविप्रसाद न्यौपानेलाई यस अदालतमा मिति २०८१।७।२१ गते हार्दिक स्वागत गरियो। सर्वोच्च अदालतको मिति २०८१।६।१३ को निर्णय अनुसार सरुवा हुनु भएका न्यायाधीश न्यौपानेलाई यस अदालतका बरिष्टतम् माननीय न्यायाधीश श्री लालबहादुर कुँवरले अन्य न्यायाधीश, रजिष्ट्रार तथा अधिकृत कर्मचारीहरुसमेतको उपस्थितिमा खादा लगाएर स्वागत गर्नु भएको थियो।

लेख



माननीय न्यायाधीश श्री हेमन्त रावल

## न्यायप्रतिको आम बुझाइ र विश्वासका आधार

न्यायको स्थापित स्रोत र प्रवाहको सुनिश्चितता हुने वैधानिक स्थान भएकाले नै विवादका सबै विषयलाई प्रवेश दिने केन्द्र अदालतलाई "न्यायालय" भन्ने गरिन्छ। जहाँ नागरिकको सहज पहुँच र सहज सेवा उपलब्धताको मान्यता र अपेक्षा हुन्छ। अन्यायलाई समन गर्ने र अन्यायीलाई दण्डित गर्ने "न्यायदण्ड" न्यायलयको अस्त्र हो र कानुन, संविधान र स्वीकृत स्थापित सिद्धान्तहरु यसको काम गर्ने आधार हुन्। न्यायालयले बलिया र निर्धाहरुबीच कुनै विभेद गर्दैन। शक्तिको अहंकार र दयाको पुकारबाट प्रभावित हुँदैन। प्रतिकूल परिस्थितिमा पनि कानुनको प्रयोगमा अविचलित रहन्छ र न्यायको कलम कहिल्यै निरिह बन्दैन भन्ने नागरिकको मान्यता र विश्वास नै न्यायालय "न्यायालय" हुनुको आधार हो।

कानुनका अक्षरहरु आफैंले न्यायको आवाज बोल्दैनन्। न्यायालयको भवनका भित्ताहरुबाट न्यायको आवाज आफैं गुन्जिदैन। व्यक्तिको याचना र प्रतिवादमा मात्र पनि न्याय पोखिँदैन। आधुनिक प्रविधिले काममा सहजीकरण गरे पनि प्रविधिले न्यायिक मन र विवेक दिँदैन। न्यायासनमा बिराजमान उच्च नैतिकता धैर्यशील र अध्ययनशील न्यायकर्मी र न्यायधर्मीका उन्नत चेतना र विवेकमा मात्र न्यायको सार सत्य उद्बोधित हुने अवस्थाले न्यायका लागि परिस्कृत मानसिकताको युधिष्ठिर खोज्छ। न्यायको सुनिश्चितताका लागि सक्षम न्यायाधीशको नियुक्तिले मात्रै न्यायालयको उच्च ओज, गरिमा र नागरिकको विश्वाशलाई जोगाउन सक्छ।

न्यायालयका कामहरु विवादित हुनु भनेको न्यायालयप्रतिको विश्वास विभाजित हुनु हो। विश्वास विभाजित हुनु, भरोसा उठ्नु र निष्ठामा प्रश्न उठ्नु भनेको न्यायको अस्वीकार्यता हो। अविश्वाश र विभाजनले निम्त्याउने न्यायको अस्वीकार्यताले न्यायालयको गौरब र गरिमाको धरोहर डगमगाउँछ। जुन स्वस्थ र सभ्य समाजका लागि सुखद मानिँदैन। प्रत्येक व्यक्ति आफैंमा एक सच्चा न्यायाधीश हो। उसको विवेकले निर्धारण गरेको ठिक-बेठिकको सीमा नै उसको आफ्नो विचरण गर्ने दायरा हो। तर ऊ त्यतिमा मात्र सीमित रहँदैन। समाज भित्रका सबै गतिविधिहरु उसका अध्ययन-विश्लेषणका विषयहरु बन्छन् र स्वतन्त्र नागरिकको हैसियतले उसले प्रश्न र टिप्पणीहरुले आफू पनि जवाफदेही बन्दै अरुबाट जवाफदेहिता खोजिरहेका हुन्छन्।

त्यसैले चेतनाले सुसज्जित आजका नागरिक सार्वजानिक सेवा प्रवाहमा निसंकोच प्रश्न गर्ने गर्छन् र जसको चित्तबुझ्दो कानुन सम्मतको जवाफ दिनु सम्बन्धितको जवाफदेहिता हो। न्यायिक काम कारबाहीमा गरिने टीका टिप्पणीलाई टिप्पणीमै सीमित नराखी यथोचित सम्बोधन गरिनु समुचित हुने देखिन्छ।

अदालत सामु विचाराधीन मुद्दाको कुनै पक्ष स्वयं पनि न्यायको मर्मज्ञ हुन सक्छ र न्यायाशनमा बसेको न्यायमूर्तिभन्दा बढी कानुनको जानकार र बुझाइको हुन सक्छ। तथापि, परिस्थितिले ऊ अन्यायमा परेर न्यायको लागि अदालतमा आएको अवस्था हुन सक्छ। तसर्थ उसले पनि आफ्नो कोणबाट न्यायालयको न्याय सम्पादनलाई मूल्यांकन गरिरहेको हुन्छ। कुनै पक्ष अनपढ नै किन नहोस्, प्रमाणमा पहुँच नभएको र तर्कयुक्त जवाफ दिन सक्ने वाक सामर्थ्य नभएको नै किन नहोस्। घटनाको यथार्थ साक्षी ऊ आफू हुनुको नाताले न्यायालयबाट गरिने मिसिलीय न्यायलाई घटनाको वास्तविकतासँग उसले पनि आफ्नो तरिकाले मूल्यांकन, विश्लेषण गरिरहेको हुन्छ।

कलमबाज, वाकपटुता र विवादको व्यावसायिक आचरणको धुर्त व्यक्ति आफूले अरुलाई अन्याय गरेर पनि सेवाग्राहीको रुपमा अदालतमा प्रवेश गरेर न्याय खोज्ने बहानामा आफूले गरेको अन्यायलाई ढाकछोप गर्ने दाउपेचमा उसले पनि आफू अनुकुल न्यायिक कामको अर्थ अनर्थ गरिरहेको हुन सक्छ। आफूले गुमाउनु पर्दा अर्कोले पनि पाउन नसकोस् भन्ने परपीडक र प्रतिसोधले व्यक्ति पनि न्याय खोज्ने बहानामा अदालत प्रवेश गरेको र आफ्नो अभिष्ट पूरा गर्न हुने-नहुने अर्थ सहितका बुझाइले न्यायालयको कामलाई नियालिरहेको हुन सक्छ।

कुनै स्वार्थ नजोडिएको, सरोकार नभएको तर सचेत नागरिकको नाताले स्वतन्त्र पर्यवेक्षण गर्दै अन्य कुनै जोसुकै नागरिकले पनि घटित घटना, निर्मित परिस्थिति र सम्पादित न्यायको आफ्नै कोणबाट व्याख्या विश्लेषण र मूल्यांकन गरिरहेको हुन्छ। वास्तविक रुपले अन्यायमा परी न्यायको खोजीमा भरोसाका साथ अदालत प्रवेश गरेको व्यक्तिले न्याय पाउँदा वा नपाउँदाको अनुभव र दृष्टिकोण पनि सार्वजनिक गरिरहेकै हुन्छ। दैनिक पत्रपत्रिका समाचार, सामाजिक सजाल , विभिन्न गोष्ठी र कार्यक्रमहरुमा व्यक्त गरिने बौद्धिक विचार, बहस र प्रतिवेदनहरुमा समावेश सामग्रीहरुले पनि न्यायालयप्रतिको दृष्टिकोण र आम धारणाहरु निर्मित भइरहेका हुन्छन्।

जसले जुन कोणबाट जसरी मूल्यांकन अवलोकन गरे पनि न्यायालयका कामकारबाहीहरु सार्वजानिक बहसका विषय भइरहेका हुन्छन् र त्यसबाट न्यायालयप्रतिको आस्था, भरोसा र विश्वासको मापन पनि भइरहेको हुन्छ। यस्ता कार्यहरुबाट न्यायालयको प्रभावकारिता र न्यायको सन्देश निरन्तर प्रवाहित भइरहनुपर्छ।

सूचना प्रविधिमा सहज पहुँचको उपलब्धताले पछिल्लो समय सबैतिर पारदर्शिताको राम्रो अभ्यास हुने गरेको पाइन्छ। न्यायालयका कामकारबाहीहरु पनि त्यो अवस्थाबाट अलग छैनन्। तर न्यायिक कामकारबाहीका

जटिलता र संवेदनशीलताले गर्दा पारदर्शिताका सीमाहरु न्यायिक कामको प्रयोग र प्रभावमा पनि देखिने गर्छन्।

न्याय सम्पादनमा खुलापनको सिद्धान्त र संयमताको सिद्धान्त दुवैको सन्तुलित प्रयोग व्यावहारिक मानिन्छ। खुलापनले विश्वास र संयमताले निजी विषयका गोपनीयतालाई उचित सरक्षण गर्छ। न्यायिक काममा जुन विधि अपनाए पनि सम्बन्धित पक्षको न्याय पाउने स्वतन्त्र हक र न्यायको विश्वसनीयतामा कुनै अवरोधको अवस्था आउनु बान्छनीय हुँदैन। त्यसैले कहिलेकाहीँ समय अगावैका सूचनाले व्यक्तिलाई सुसूचित गर्नेभन्दा पनि संदिग्ध दण्डित हुनुपर्ने व्यक्तिले स्थान सुरक्षित गर्ने अवसरको रुपमा लाभ लिन सक्छ। त्यसैले अनुसन्धानका क्रमका गोप्य सूचनाहरुमा समय अगावैको पहुँच जोखिमपूर्ण मानिन्छ।

त्यस्तै अदालतमा विचाराधीन मुद्दाको विषयमा संकलित प्रमाणको प्रमाणिकतालाई गौण बनाउने र प्रति प्रमाण सिर्जना गर्ने अवसरको दुरुपयोगको सम्भावनालाई पनि दृष्टिगत गरेरै विचाराराधीन विषयमा अनुकुल वा प्रतिकुल प्रभाव पार्ने अभिप्रायले छलफल गर्न कानुनमा रोक लगाइएको हुन्छ। परिणामलाई आफू अनुकुलका पूर्वानुमानमा आधारित ले, रचना, समाचार वा सार्वजानिक टिप्पणीले मुद्दामा सम्भावित गल्तीलाई रोक्नुभन्दा पनि अमुक पक्ष कसैको पक्षपोषण हुन सक्ने अवस्थालाई पनि सम्बद्ध सबैले चनाखो भएर हेर्नु पर्ने हुन्छ।

जिम्मेवारीमा रहेको कुनै पदाधिकारी स्वयंले पनि आफ्नो कामसँग सम्बन्धित घटना प्रकृतिको परिस्थितिको गम्भीरता र सार्वजानिक प्रतिक्रियाको मापन गर्नका लागि सुनियोजित तरिकाले कुनै अपुष्ट धारणा वा मत सार्वजानिक गर्न प्रयत्न गरेर पनि मुल विषयलाई विषयान्तर गर्न खोजेको हुन सक्ने निहित उद्देश्यलाई पनि गम्भीर भएर हेरिएको हुनुपर्छ।

जुनसुकै उद्देश्य र अभिप्रायले भए पनि न्याय सम्पादनको विषयवस्तुका सन्दर्भमा गरिने सार्वजानिक टीका-टिप्पणी, शङ्का उपशङ्का, चासो, सरोकार, सूचना र जानकारीका विषयको तहले न्यायसम्पादनको पवित्रतामा प्रतिकूल र अवान्छित अवस्था निम्तिनु हुँदैन भन्ने कुरामा विश्वस्त हुने आधार न्यायालयले तय गर्नुपर्छ।

अपवादका मुद्दामा बाहेक सधैं खुला इजलासमा खुला बहसको कार्यशैली र कार्य अभ्यास भएका अदालतहरुमा राज्यका अरु सार्वजानिक निकायहरुभन्दा बढी नै पारदर्शिताको अभ्यास हुने गरेको पाइन्छ। कुन दिन कुन काम कसरी हुन्छ भन्ने कुरा सम्बन्धित पक्षलाई निश्चित र पर्याप्त समय अगावै लेखेरै सुचित गरिन्छ। हप्ता दिन पहिले नै मुद्दाको सुनुवाइको साप्ताहिक सूची सार्वजनिक रुपले प्रकाशित हुन्छ र तदनुरुप नै दैनिक कार्यसूची प्रकाशित हुने गर्छ।

विश्वको जुनसुकै कुनाबाट पनि नेपालको सबै तहका अदालतका इजलासहरुको दैनिक कामकाबाहीहरु सजिलै अवलोकण गर्न सकिन्छ र भएका कामकारबाहीको वेब बेस्ड कामको संक्षिप्त जानकारी प्राप्त गर्न सकिन्छ। अदालतको कुनै पनि तहको पदाधिकारी वा न्यायाधीशले आफ्नो कामसँग सम्बन्धित हुने वा नहुने कामको आदेश लेखेर मात्रै सम्बन्धित पक्षलाई दिनुपर्छ र त्यसमा चित्त नबुझ्ने सम्बन्धित पक्षले सो

आदेश उपर अदालतमै लेखेरै उपचार खोज्न सक्ने र समस्याको कानुनसम्मत निदान गर्ने कानुनतः स्थापित अभ्यासले अदालतको कामकारबाहीलाई जवाफदेहिताको कसीमा बढी जिम्मेवार बनाएको हुन्छ।

यस किसिमको कार्य संस्कृत र कार्य अभ्यास सार्वजानिक सेवा प्रवाह गर्ने राज्यका अरु निकायबाट हुने गरेको अभ्यासमा देखिँदैन। यस किसिमको कार्य पद्धतिबाट अदालतमा कसैले पनि आफ्नो पदीय जिम्मेवारी पन्छ्याउन नमिल्ने र कामकारबाहीहरुमा समस्याहरु देखिँदा यसको निदान तोकिएको समयावधि भित्र अदालतबाटै हुने गरेका कारण अदालतका कामकारबाहीहरु कम आलोचित र विवादित हुने गरेको पाइन्छ।

तथापि, न्याय सम्पादनका कामकारबाहीहरुको विशिष्ट प्रकृतिका कारण बेला बेलामा देखिने सहज असहज अवस्थाले कहिलेकाहीँ समग्र न्यायालयप्रति नै नागरिकको नकारात्मक दृष्टिकोण बन्ने गर्छ। मुद्दामा प्रत्यक्ष संलग्न व्यक्तिले भोगेका अनुभवका आधारमा व्यक्त गरिएका प्रतिक्रियालाई अदालतले सेवा सुधारको आधार बनाउनु पर्छ। मुद्दामा आफ्नो प्रत्यक्ष स्वार्थ सरोकार नभएका तर अरुको लागि चासो रुचि राखेका व्यक्तिले अपेक्षित गरेको परिणामको अनुकुलता प्रतिकुलता व्यक्त गरेको धारणा वा दृष्टिकोणलाई अदालतले चिर्न सक्नु पर्छ।

हारेपछिको प्रतिक्रिया, जिन्न जिताउन नसकेपछिको प्रतिक्रिया, आफू अनुकुलको परिस्थिति सिर्जना गर्न गराउन नसकेपछिको प्रतिक्रिया जुनसुकै धरातलमा अडिएर गरिएका भए पनि तिनै स्वस्थ अस्वस्थ प्रतिक्रियाका आधारमा नै न्यायालयकाप्रति राम्रा या नराम्रा आम धारणा र दृष्टिकोणहरु बन्ने गर्छन्। न्यायालय सुधारका लागि ती सबै धारणाहरुको संश्लेषण, विश्लेषण गरी न्यायालयबाट ठोस आधार सहितको परिमार्जित कार्यसंस्कृति र कार्यपद्धतिको अभ्यास गरिनुपर्छ।

न्यायालय कति आफ्नै कारणले विवादित छ। कति सम्बद्ध अरुको कारणले विवादित छ। त्यसको समीक्षा र पहिचान गर्दै जसको कारणले विवादित र समस्याग्रस्त हुनु परे पनि विवादित र समस्याग्रस्त न्यायालयले समग्र न्यायालयको समुच्च प्रभावकारितामा गम्भीर असर गर्छ भन्ने तथ्यमा विमति हुनुपर्ने अवस्था देखिँदैन।

अदालतमा मुद्दा विचाराधीन छ तर मुद्दामा अदालतको नियन्त्रण छैन र अदालतको समयतालिका अनुरुप काम हुन सकेको छैन। न्यायमा बिलम्व छ। बिलम्व अरु बाह्य कारणले हुन गएको छ तर बिलम्वको अपजस अदालतले लिनु परेको छ। मुद्दामा हुने अदालतभन्दा बाहिरको बेथितिले अदालतको स्वच्छतामा पारेको प्रभावको विश्लेषण नगरेर समस्याहरु अदालत केन्द्रित गरिँदा पनि अदालतका कामकारबाहीमा सन्देह रहने गरेको अवस्था छ भने अदालत भित्रै कुनै समस्या नै छैनन् भन्ने अवस्था पनि छैन। न्यायमा बिलम्वको अवस्था कसैका लागि पनि प्रिय हुँदैन। न्याय महँगो छ। कहाँ हुने खर्चले न्याय खर्चिलो हुन गएको छ भन्ने कुरामा सेवाग्राही सचेत हुनै पर्छ र अदालतले पनि आफ्ना सेवाग्राहीलाई सुसूचित गर्नै पर्छ।

जुनसुकै कारणले मुद्दामा अनुचित बिलम्व भयो वा न्यायिक प्रक्रियामा अन्य कुनै अबान्छित क्रियाकलापहरु भइइरहेका छन् भने पनि त्यसको दोष वा कारण अरुलाई देखाएर अदालत दोषमुक्त हुन भने सक्दैन।

किनकि मुद्दा र समग्र न्यायिक प्रक्रियामा अदालतको आफ्नो नियन्त्रण हुनै पर्छ। मुद्दामा नियन्त्रण गुमाउने र पक्षको दाउपेचलाई चिर्न नसक्ने अदालतले आलोचित हुनुपर्ने यथार्थलाई नकार्न सकिँदैन। न्याय सम्पादनसँग सम्बन्धित सबै समस्या र कारणहरुको पहिचान गरेर त्यसको निदान गर्ने दायित्व पनि अन्ततः अदालतको आफ्नै भएको हुँदा त्यसको व्यवस्थापन पनि सोही परिप्रेक्ष्यमा गरिनु पर्छ।

मुद्दा दर्तादेखि फैसला भई कार्यान्वयन हुँदासम्म अदालत भित्र लाग्ने एउटा मुद्दामा कानुन बमोजिम लाग्ने खर्च कति हो? सो को खर्च विधि के हो? सो बाहेकको अन्य अतिरिक्त खर्च कसले गर्छ, किन गर्छ? त्यसमा न्याय सम्पादनका अवयवका रुपमा रहेका न्यायकर्मीहरु र न्यायिक जनशक्तिहरु जोडिएका छन्, बेचिएका छन् र दुरुपयोग गरिएका छन् भने त्यस्तो अवस्थाको अन्त्यका लागि अदालतको आन्तरिक संयन्त्रले प्रभावकारी र परिणामदायी कदम उठाउनु पर्छ र सामयिक रुपले अदालतका सेवा र लाग्ने शुल्कहरुको सम्बन्धमा सेवाग्राहीलाई सुसूचित गर्ने कार्यलाई निरन्तरता दिँदा केही हदसम्म अनुचित गतिविधि र सम्भावित दुरुपयोगको अवस्थाले फस्टाउने अवसर पाउँदैन।

मुद्दा हारेपछि न्याय परेन भनेर गरिने अनर्गल दुस्प्रचार र मुद्दा जितेपछि मैले जिताइदिएँ भनेर गर्ने बीचका वर्गको भ्रामक प्रचार दुवै अवस्थाले न्यायालयको साख गिराइरहेका हुन्छन्। अदालतले पनि छिटोछरितो न्याय सम्पादन नगर्ने, गरे पनि ढङ्गले नगने अनि उद्देश्य र औचित्य समाप्त भएपछि न्याय होइन फैसला मात्र गर्ने गर्दा पनि नागरिकले अदालतलाई जुन हदसम्मको अफ्ठ्यारोको भरोसा ठान्नु पर्ने हो सो महसुस गर्न नसकेको अवस्थालाई पनि अदालतले आत्मसमीक्षा गर्नु जरुरी देखिन्छ।

जुनसुकै तरहले भए पनि अदालतको नाममा गरिने अवान्छित गतिविधिलाई अदालतले निस्तेज पार्दै अदालतको विश्वसनीयता बढाउन र मर्यादा कायम गर्न न्याय सम्पादनको प्रभावकारिता बढाउनै पर्छ। अदालतका समग्र काम कारबाही सम्बन्धी गुनासोहरुको सुनुवाइको लागि आन्तरिक चुस्त व्यवस्थापन गर्न सके न्यायालयप्रति न्यायालय भित्रैबाट र नागरिकको तहबाट देखिने निरासालाई भरोसामा बदल्न सकिनेछ।

न्यायालयका कामकारबाहीहरु हमेसा कानुनमा आधारित विवादरहित र विश्वासप्रद हुनु पर्छ। नागरिकले शङ्का गर्ने सम्भावित छिद्रहरुलाई चिर्दै र भत्काउँदै न्याय सम्पादनको प्रभावकारी परिणामले नागरिकहरुमा कानुन र न्याय व्यवस्थाप्रति भरोसा जगाउनुपर्छ।

न्यायालय न्यायका लागि अन्तिम आश्रयस्थल हो भन्ने तथ्य अन्यायमा परेको एउटा नागरिकले न्यायालयबाट प्राप्त गरेको सहज र निष्पक्ष न्यायको अनुभूतिले महसुस हुने विषय हो। न्यायालय कमजोर हुँदा समाजमा अन्यायको बोलबाला बढने अवस्था रहन्छ। शक्तिमा हुनेहरु अराजक बन्न सक्छन्। अपराधले प्रश्रय पाउन सक्छ। अपराधको राजनीतिकरण र राजनीतिमा उन्मुक्तिको अभ्यासले दण्डहीनतालाई मलजल गर्छ। निर्धा र निमुखाहरु अपराधीको शरणमा जानु पर्ने बाध्यता रहन्छ र राज्यका वैध निकायहरु निरर्थक र निकम्मा साबित हुने अवस्था आउँदै जान्छ।

कानुनको सार्थकता र औचित्य स्थापित गर्दै सामाजिक सौहार्दता र समृद्धिका आधारहरु तय गर्न पनि न्यायालयको सबल उपस्थिति आवश्यक हुन्छ। न्यायालयको सबलताले न्यायकर्मीहरुको स्वेच्छाचारिताको प्रवर्द्धन र संरक्षण गर्ने नभई आम नागरिकको संविधान/कानुन प्रदत्त हक-अधिकारको संरक्षण र जीवन स्वतन्त्रताको सुरक्षाको प्रत्याभूतिको लागि हुनुपर्छ। यो सबलतालाई थप बल दिने ऊर्जाको काम निष्पक्ष र निर्भीक क्षमताका न्यायकर्मीहरु र न्यायका साधकहरुबाट सम्पादित हुने न्यायपूर्ण कामको परिणामले मात्र दिने गर्छ।

न्यायको आलोकमा बाँचिरहेको अनुभूति गरेको एउटा नागरिकले सगौरव भन्न सकोस् कि म व्यक्तिबाट होइन विधिबाट शासित छु। म अरु कसैसँग डराउँदिन, सिर्फ कानुनसँग डराउँछु र न्यायलाई उच्च सम्मान गर्छु। स्वतन्त्र र सक्षम न्यायालय भएको मुलुकमा नागरिकहरुले अन्यायको महसुस कहिल्यै गर्नु पर्दैन। न्यायालयको स्वतन्त्रता, सक्षमता र नागरिकको उच्च भरोसा नै न्यायालयको सर्वोच्चतामा चम्किने पवित्र गजुर हो। समाजरुपी ऐनामा न्यायालयको अनुहार सफा देखिनु पर्छ। यसका लागि न्यायिक निष्ठा भएका, न्यायमा समर्पित निष्पक्ष र निर्भीक न्यायाधीशहरुको दरकार पर्छ, जसको व्यवस्थापनमा संविधानतः स्थापित सम्बन्धित निकाय र राज्यले गम्भीर र पर्याप्त ध्यान दिनै पर्छ।

---***---

# अदालतको अवहेलना: अवधारणा र अभ्यास



शाखा अधिकृत, गिरिराज भण्डारी

## विषय प्रवेश

हामी स्वतन्त्रताको चरम अभ्यास गर्न चाहने र गर्न सक्ने युगमा बाँचिरहेका छौं। यो भन्नुको तात्पर्य  स्वतन्त्रताभित्र संयमता र सीमा हुनु हुँदैन भन्ने पक्कै होइन। यहाँनेर उठान गर्न खोजिएको प्रसंग अदालतको काम कारवाहीप्रति सबैले अपनाउनु पर्ने प्रतिबद्धता संयम र सीमाको सम्बन्धमा हो। कुनै व्यक्ति वा निकायले वाक् वा अन्य कुनै व्यक्तिगत स्वतन्त्रताको नाउँमा अदालतले गरेको काम कारवाही वा निर्णयलाई अवज्ञा गर्ने गर्नु हुँदैन। त्यसैगरी संचार जगतले पनि सूचना प्रवाहको नाउँमा अदालतप्रति द्वेष उत्पन्न गर्ने गरी समाचार सम्प्रेण गर्न मिल्दैन। किनकि लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक अधिकारको अन्तिम संरक्षक तथा न्यायको अन्तिम आश्रयस्थल नै अदालत हो। यस्तो गरिमा बोकेको संस्था उपर अवान्छनीय प्रवाह गरेमा अदालतको अवहेलनामा कारवाही हुने प्रचलन विश्वव्यापी रुपमा रहेको छ। नेपालमा पनि यसको अभ्यास भईरहेको हामी पाउँछौ।

यही परिप्रेक्ष्यमा यस लेखमा अदालतको अवहेलना भनेको के हो? यससँग सम्बन्धित कानूनी व्यवस्थाहरु के के छन्? भन्ने सन्दर्भमा चर्चा गरिनेछ। साथै लेखकले न्यायालयमा करिब १२ वर्ष काम गर्दा अदालतको अवहेलनासँग सम्बन्धित मुद्दाको सम्बन्धमा देखेको ट्रेन्डका बारेमा पनि लेखकका व्यक्तिगत अनुभव र धारणा समेत प्रस्तुत गरिनेछ।

## अदालतको अवहेलनाको परिचय र पृष्ठभूमि

अदालतको अवहेलना कमन ल प्रणालीको (Common Legal System) एउटा महत्वपूर्ण कानूनी सिद्धान्त हो। कमन ल प्रणालीमा अदालतको अवहेलनामा सजाय गर्ने परिपाटीको शुरूवात बाह्रौं शताव्दीमा भएको देखिन्छ र विभिन्न रूपमा हाल ती प्रणाली अनुशरण गर्ने मुलुकहरूमा यो विद्यमान छ। बेलायत, भारत तथा अमेरिकामा यस सिद्धान्तको लामो अभ्यास पाइन्छ। छिमेकी मुलुक भारतमा सन् १९२६ मा नै बेलायती उपनिवेशको पालामा नै कानून बनाई व्यवस्थित गरेको पाइन्छ। हाल भारतमा अदालतको अवहेलना सम्बन्धी ऐन, १९७१ प्रचलनमा छ। त्यहाँ अदालतको अवहेलनालाई फौजदारी अवहेलना र देवानी अवहेलनाको रुपमा वर्गीकरण समेत गरेको पाइन्छ। त्यस्तैगरी, बेलायतमा अदालतको अवहेलना सम्बन्धी ऐन, १९८१ प्रचलनमा रहेको पाइन्छ।

नेपालको सन्दर्भमा भन्नु पर्दा वि.सं.२००७ सालमा स्वतन्त्र न्यायपालिकाको जग हालिएदेखि न्यायपालिकाले अदालतको अवहेलनामा सजाय गर्ने क्षेत्राधिकार न्यायपालिकालाई प्रदान गरेको देखिन्छ[1]। यद्यपि यसको व्यवहारिक अभ्यास भने सर्वोच्च अदालतमा वि.सं.२०२३ सालबाट मात्र भएको देखिन्छ।

## नेपालमा यस सम्बन्धी विद्यमान कानूनी व्यवस्था

नेपालको संविधानको धारा १२८ को उपधारा (४) ले सर्वोच्च अदालतलाई, त्यस्तै धारा १३९ ले  उच्च अदालत र धारा १५१ ले जिल्ला अदालतलाई अवहेलनामा सजाय गर्न पाउने अधिकार प्रदान गरेको देखिन्छ। यसरी नेपालको तीनै

तहको अदालतमा अदालतको अवहेलना शीर्षकमा मुद्दा दायर गर्न सकिने व्यवस्था रहेको छ। संविधानमा मुख्यतया न्याय सम्पादनको कार्यमा अवरोध गर्ने रअदालतको आदेश वा फैसलाको अवज्ञागर्ने कार्यलाई अवहेलना भनी यसको विषयवस्तु निर्धारण गरिएको देखिन्छ।

त्यसैगरी न्याय प्रशासन ऐन, २०७३ को दफा १७ मासर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतलाई अवहेलनामा सजाय गर्न पाउने अधिकार प्रदान गरेको छ। ऐ. ऐनको दफा १७(४) मा अदालतको अवहेलना गरेको ठहरेमासम्बन्धित अदालतले कसुरदारलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँ जरिवाना वा दुवै सजाय गर्न सक्ने व्यवस्था छ।सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ ले अदालतको अवहेलना सम्वन्धी कार्यविधिका सम्वन्धमा नियम बनाउने अधिकार सर्वोच्च अदालतलाई प्रदान गरेको रसर्वोच्च अदालत नियमावली,२०७४ को नियम ५९ले सर्वोच्च अदालतको हकमा अवहेलना सम्वन्धी कारवाहीका प्रक्रियाहरुको व्यवस्था गरेको छ।तर आजसम्म पनि अदालतको अवहेलनाको विषयमा हालसम्म नेपालमा छुट्टै कानून निर्माण भएको अवस्था छैन। कुन कार्यले अवहेलना हुन्छ भनी सर्वोच्च अदालतले सन्तोष भट्टराई वि.हिमाल मिडिया,(२०६०) मुद्दाको फैसलाका क्रममा न्यायाधीशहरू बलराम केसी र रामकुमारप्रसाद साहको इजलासले निम्नानुसारको ८ वटा अवस्थाको विद्यमानताको आवश्यकता औंल्याएको छ।

१. अदालतको निर्णय वा आदेशको जानाजान अवज्ञा गर्ने।
२. अदालत समक्ष गरेको प्रतिज्ञाको जानाजान भंग वा अवज्ञा गर्ने।
३. बोलेर, लेखेर वा अन्य कुनै प्रकाशनद्वारा अदालतप्रति भ्रामक हल्ला फिँजाई अनास्था पैदा गरी काण्ड मच्चाउनु अर्थात 'स्क्यान्डलाइज' गर्ने ।
४. बोलेर वा लेखेर वा अन्य कुनै प्रकाशन वा कार्यद्वारा अदालती कारबाहीमा हस्तक्षेप गर्ने।
५. बोलेर वा लेखेर वा अन्य प्रकाशन वा कामद्वारा अदालती कारबाहीमा हस्तक्षेप गर्ने वा न्याय प्रशासनमा अवरोध गर्ने।
६. अदालतमा विचाराधीन मुद्दामा टिप्पणी गरी स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनमा हस्तक्षेप हुने काम गर्ने।
७. मुद्दाका पक्ष, साक्षी तथा अदालतका कर्मचारीलाई बाधा विरोध गर्ने।
८. अदालतलाई विवादमा ल्याउने यी बाहेकका कार्य पनि अवस्था अनुसार अदालतको अवहेलना हुनसक्ने।

उल्लेखित मापदण्डले कुनै पनि मुद्दाको विषय अदालतको अवहेलना हो होइन भनी सीमाङ्कन गर्न सहज बनाएको भने देखिन्छ।

**अभ्यासमा देखिएका जटिलता एवम् नविनतम प्रवृत्तिहरु**

संविधानामा भएको अदालतको अवहेलना सम्बन्धी विशेषाधिकारलाई विधायिकाले कानून बनाएर त्यसको सीमा र गम्भीरताको विषय तोक्नुपर्ने थियो।तर हालसम्म पनि अवहेलना सम्बन्धी कानून बन्न नसक्दा केवल न्याय प्रशासन ऐनमा भएका केही प्रावधानको आधारमा मात्र त्यस सम्बन्धी अभ्यास भइरहेको छ। अवहेलना हुने कार्य र अभिव्यक्ति पूर्ण रुपमा स्पष्ट छैन।

अदालतले अवहेलनाको कारवाहीलाई निरपेक्ष रुपमा नभई कार्यको प्रकृति, अवस्था, विषयवस्तुको गाम्भिर्यताको आधारमा एउटै किसिमको सोच र दृष्टिकोण नराखि फरक फरक व्याख्या हुँदैं आएको पाइन्छ। त्यसैले सर्वोच्च अदालतबाट यस विषयमा भए गरेका फैसलामा समेत एकरुपता देखिंदैन।

यद्यपि हाम्रा अदालतबाट यस सम्बन्धी विषयमा भएका फैसलाको प्रवृतिलाई नियाल्ने हो भने अपवाद बाहेकका मुद्दामा आवेशमा आएर गरिएको टिप्पणीलाई अवहेलना मानिएको छैन।यसले के स्पष्ट पार्छ भने अवहेलना हुन मनसायलाई मूल तत्वको रुपमा स्वीकार गरिएको छ।पञ्चायत कालदेखि गणतन्त्रसम्म अदालतको अवहेलनामा परेका प्रेससम्बन्धी मुद्दामा सर्वोच्चका कतिपय नजीरहरू बाझिए तापनि स्वच्छ आलोचनाले अदालतको अवहेलना हुँदैन भन्ने समान दृष्टिकोण भने स्थापना भएको छ।

न्यायाधीशको चरित्र र आचरणको विषयलाई पनि अदालतको अवहेलनाभित्र पार्न खोजेको देखिन्छ।यद्यपि त्यो अवहेलनाको विधिशास्त्रीयको मान्यताको बर्खिलाप रहेको भनी मत व्यक्त गर्नेहरुको आवाज पनि कम चर्को सुनिदैंन।अदालतको अवहेलनालाई प्रेस स्वतन्त्रताको संकुचन गर्न प्रयोग गरियो भनेर संचार जगतले असन्तुष्टि जनाएको पनि देखिन्छ। ***संविधानमा स्पष्ट रुपमा अदालतको न्यायसम्पादनको कार्यमा अवरोध गरेमा अथवा अदालतका आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतले आफ्नो अवहेलनामा सजाय गर्न सक्छ भनी उल्लेख गरेकोले अदालतको अवहेलनासम्बन्धी संविधानले नै कोरिदिएको यो सीमारेखालाई यहाँभन्दा तन्काउनु उपयुक्त हुँदैन भन्ने मत कैयौं कानून व्यवसायी र संचार गृहको रहेको देखिन्छ।*** अतः न्यायाधीशहरुको आचरण र चरित्रको विषयमा बोल्न र लेख्न पाउनु पर्छ भन्ने तर्क उनीहरु राख्छन्।यी यस्तै मतका कारण "***अदालतको अवहेलना सम्बन्धी विधेयक, २०७१***" ऐनमा परिणत हुन नसकेको अनुमान गर्न सकिन्छ।अदालतको अवहेलना भएको हो कि प्रेस स्वतन्त्रता संकुचित हुन लागेको हो भन्ने विषयले बहस सृजना समेत गर्ने गरेको देखिन्छ।

अवहेलनाको मुद्दाको प्रकृतिलाई हेर्ने हो भने जिल्ला र उच्च अदालतमा देवानी प्रकृतिका मुद्दामा अदालतको फैसला बमोजिम कुनै पक्षले अटेरी गरेको खण्डमा दायर भएको देखिन्छ।सर्वोच्च अदालतको हकमा भने संचार माध्यममा अदालत र न्यायाधीशको गरिमामाथि अवाञ्छनीय सामाग्री प्रकाशन गरे उपर अवहेलना मुद्दा दायर गरिएका घटनाहरु बढी सुन्नमा आएको देखिन्छ।संचार जगतले प्रसारण गरेको कुनै पनि सामाग्री न्यायालयको लागि समालोचनात्मक सुझाव हो? वा मान मर्दन हुने खालको कटु आलोचना हो? सोको सीमाङ्कन नेपालको लागि जटिल विषय बनेको देखिन्छ।पंचायतकालमा भने यस्ता मुद्दामा न्यायालय केही उदार रहेको उदाहरण भेटिन्छन्।जस्तै टनकपुर फैसलामाथि व्यंग्यस्वरुप बाँदरको हातमा नरिवल भन्ने कार्टुन बनाउँदा साप्ताहिक विमर्शका तत्कालीन सम्पादक हरिहर विरही ६ दिन कैद बस्नु परेको थियो।पछिल्लो समयमा यस्ता मुद्दाहरुमा नेपालको न्यायालय उदार नै रहेको देखिन्छ।केही अपवाद बाहेक लिखित जवाफमा अदालतको गरिमा उपर प्रहार गर्ने मनसाय नरहेको र आगामी दिनमा त्यस्तो कार्य नगर्ने भनी प्रतिबद्दता जनाएकै भरमा अवहेलनामा कारवाही नगरिएको उदाहरण प्रसस्त छन्।हाम्रो छिमेकी मुलुक भारतमा भने न्यायाधीशको विरुद्धमा केवल ट्वीट गरेकै भरमा पनि वरिष्ठ कानून व्यवसायीहरु समेत अवहेलनाको कारवाहीमा परेको प्रसस्त दृष्टान्त छन्। यसका विविध कारणहरु मध्ये भारतमा अदालतको अवहेलना सम्बन्धी ऐन,१९७१(कन्टेम्प्ट अफ

कोर्ट एक्ट,१९७१) कार्यान्वयनमा रहनु हो।हाम्रो न्यायालय यस विषयमा उदार रहनुको कारण सम्बद्ध कानूनको अभाव त होइन? यो छलफलको विषय बन्न सक्छ।

**निष्कर्ष**

अदालत लोकतन्त्र र मानव अधिकारको संरक्षक हो। अदालतको अवहेलनामा कारवाही गर्नु अदालतको गरिमा उपर रक्षा-कवच निर्माण गर्नु हो।यो विषय न त न्यायाधीशको वैयक्तिक प्रतिरक्षा वा सुरक्षाको विषय हो।न त नागरिक वा संचारको स्वतन्त्रता माथि अंकुश लगाउने औजार नै।अतः यसको प्रयोगमा विशेष संवेदनशीलता अपनाउनु पर्ने देखिन्छ।मुलुकको लोकतन्त्रको रक्षाका लागि सक्षम र निष्पक्ष अदालत चाहिन्छ भने स्वतन्त्र अदालत पनि।अतःअभिव्यक्ति स्वतन्त्रता र अदालतको अवहेलनामा कारवाही गर्नपाउने अधिकारबीच उचित सन्तुलन र सामन्जस्यता कायमगर्दै अगाडी बढ्नुपर्छ।'चाहे आकाशै खसोस,तर न्याय गरिनुपर्छ (Let justice be done though heavens fall) भन्ने न्यायिक मान्यता निष्पक्षता, विश्वसनीयता र प्रभावकारिता कायम राख्ने कुरामा सम्बन्धित सबै सजग रहनु आजको आवश्यकता हो।

सन्दर्भ समाग्रीहरुः

- C.J. MILLER, ***CONTEMPT OF COURT*** (3rd Ed. Oxford 2000)
- Carlo Vittorio Giabardo, ***Disobeying Courts' Orders: A Comparative Analysis of the Civil Contempt of Court Doctrine and of the Image of the Common Law**,2017*
- नेपालको संविधान
- प्रा. कृष्ण खनाल ***अदालतको अवहेलनाःऔचित्य र प्रयोग*** (२०७४।११।२८ मा कान्तिपुर दैनिकमा प्रकाशित लेख)
- तुफान न्यौपानेः ***अवहेलना मुद्दामा सर्वोच्च अदालतको उदारता देखिने ६ फैसलाहरु*** (२०७७।११।१९ मा हिमाल खबर पत्रिकामा प्रकाशित लेख)

---***---

# मुद्दाको तथ्याङ्कगत विवरण

## अदालतहरूको मुद्दाको लगत, फछ्यौंट र बाँकीको विवरण

(२०८१ साल कार्तिक मसान्तसम्म)

| सि.नं. | अदालत | लगत | | | फछ्यौंट | प्रतिशत | बाँकी | बाँकीमध्येका २ वर्ष नाघेका |
|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी | नयाँ दर्ता | जम्मा लगत | | | | |
| १ | उच्च अदालत पाटन | ५१६२ | ३९२४ | ९०८६ | २९५८ | ३२.५६% | ६१२८ | ९६ |
| २ | उच्च अदालत पाटन हेटौडा इजलास | ३७४ | ५१७ | ८९१ | ३०३ | ३४.०१% | ५८८ | ० |
| ३ | काठमाडौं जिल्ला अदालत | २६४८८ | ८२९८ | ३४७८६ | ६२५० | १७.९७% | २८५३६ | २०७२ |
| ४ | भक्तपुर जिल्ला अदालत | ३९१८ | १२९३ | ५२११ | १०२४ | १९.६५% | ४१८७ | ३१६ |
| ५ | ललितपुर जिल्ला अदालत | ३५१८ | १५१० | ५०२८ | १०२५ | २०.३९% | ४००३ | ५३ |
| ६ | काभ्रेपलाञ्चोक जिल्ला अदालत | १३५८ | ६६९ | २०२७ | ४८३ | २३.८३% | १५४४ | ३० |
| ७ | सिन्धुपाल्चोक जिल्ला अदालत | २६० | २८९ | ५४९ | २०५ | ३७.३४% | ३४४ | ० |
| ८ | दोलखा जिल्ला अदालत | २०१ | १५० | ३५१ | ९६ | २७.३५% | २५५ | ० |
| ९ | रसुवा जिल्ला अदालत | २७ | ३६ | ६३ | १७ | २६.९८% | ४६ | ० |
| १० | रामेछाप जिल्ला अदालत | १३१ | ९५ | २२६ | ५६ | २४.७८% | १७० | १ |
| ११ | नुवाकोट जिल्ला अदालत | २५५ | २४१ | ४९६ | १७१ | ३४.४८% | ३२५ | २ |
| १२ | धादिङ जिल्ला अदालत | ५३१ | २८४ | ८१५ | ३४० | ४१.७२% | ४७५ | १२ |
| १३ | सिन्धुली जिल्ला अदालत | ६५९ | २८० | ९३९ | २२२ | २३.६४% | ७१७ | ८० |
| १४ | चितवनजिल्ला अदालत | १९५० | १४६५ | ३४१५ | ९२९ | २७.२०% | २४८६ | ७ |
| १५ | मकवानपुर जिल्ला अदालत | १५९७ | ७७१ | २३६८ | ६३० | २६.६०% | १७३८ | २६ |

# लेख उपलव्ध गराइदिनु हुन अनुरोध

उच्च अदालत पाटनको इ-बुलेटिनको आगामी अङ्कका लागि कानून, न्याय र न्यायिक सिद्धान्तसँग सम्बन्धित विषयमा कम्तिमा १५०० शव्ददेखि बढीमा २००० शव्दसम्मका लेख रचनाहरू नेपाली युनिकोड फण्टमा उपलव्ध गराई दिनु हुन उच्च अदालत पाटन र मातहतका अदालतहरूमा कार्यरत न्यायाधीश तथा कर्मचारीहरूमा हार्दिक अनुरोध छ।

| इ-बुलेटिन प्रकाशन समिति | |
|---|---|
| श्यामकुमार भट्टराई, न्यायाधीश | संयोजक |
| ब्रजेश प्याकुरेल, न्यायाधीश | सदस्य |
| दुर्गाप्रसाद ढुङ्गेल, न्यायाधीश | सदस्य |
| श्रीलाल पौडेल, रजिष्ट्रार | सदस्य |
| गिरीराज भण्डारी, शाखा अधिकृत | सदस्य |
| अनितनाथ कायस्थ, सूचना प्रविधि अधिकृत | सदस्य |

| इ-बुलेटिन सम्पादन समिति |
|---|
| शाखा अधिकृत इन्दु पाण्डे |
| शाखा अधिकृत गिरीराज भण्डारी |
| शाखा अधिकृत लोकचन ढकाल |
| शाखा अधिकृत मोनिका चौधरी |
| शाखा अधिकृत हृदयचन्द्र राई |